# आर्थिक बर्ष २०७५/०७६ को

# बजेट वक्तव्य

## सिलिचोङ गाउपालिका

ताम्कु, संखुवासभा

### प्रदेश नं १

२०७५/२०७६

**श्रद्धेय अध्यक्षमहोदय,**

अहिले हामी संघ र प्रदेश सरकारले आ.व. ०७५/०७६ को लागि आ-आफ्नो नीति, कार्यक्रम तथा बजेट पेश गरिसके पश्चात स्थानिय सरकारको हैसियतमा ऐतिहासिक दोश्रो वर्ष आ.व.०७५/०७६को नीति, कार्यक्रम तथा बजेट पेश गर्ने संघारमा छौ । सिमित बजेटमा रही असिमित इच्छा आकांक्षा र आवस्यकतालाई सम्बोधन गर्न निश्चय हामीमाँझ चुनौतिहरु रहेका छन् । तर राज्यले लिएको समृद्ध नेपाल सुखि नेपालीको नारालाई आत्मसाथ गर्दै अवसरको रुपमा अगाडी बढनुको विकल्प छैन । संविधान प्रदत्त हक अधिकार सहित गठित यस सिलिचोङ गाउँपालिकाको नीति तथा कार्यक्रम समितिको सदस्यको हैसियतले यस गरिमामय सभामा आगामी आर्थिक वर्ष ०७५।०७६ को वार्षिक नीति, कार्यक्रम तथा बजेट पेश गर्न प्रस्तुत भएको छु । यस ऐतिहासिक अवसरमा सर्वप्रथम लोकतान्त्रीक गणतन्त्र, स्वतन्त्रता तथा स्वाभिमान प्राप्तिका लागि विभिन्न कालखण्डमा आफ्नो प्राण आहुति गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात वीर सहिदहरु प्रति भावपुर्ण श्रद्धान्जली अर्पण गर्दछु साथै घाइते र वेपत्ता नागरिकप्रति सम्मान प्रकट गर्न चाहान्छु । राजनैतिक, सामाजिक परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने सबै राजनैतिक दलहरु तथा अग्रजहरुप्रति आदरभाव प्रकट गर्न चाहान्छु ।

लामो समयसम्म निर्वाचित जनप्रतिनिधि विहिन यस गाउँपालिकामा विविध समस्या र चुनौतिहरु रहेका छन भन्ने हामीलाई लागेको छ । यसका बावजुद पनि यस क्षेत्रको विकास कसरी गर्न सकिन्छ भन्ने विषयमा समग्र गाँउपालिका प्रतिबद्धताका साथ लागी पर्ने नै छ ।स्थानीय तहको निर्वाचनबाट निर्वाचित हामी जनप्रतिनिधिहरुको यस सभामा सिलिचोङवासीको इच्छा र आवश्यकतालाई सम्वोधन गर्ने दृढ संकल्पका साथ आ.व. ०७५/०७६ को बार्षिक नीति तथा कार्यक्रम यस सम्मानित सभा मार्फत् समग्र सिलिचोङ गाउँपालिकाका नागरिकहरु समक्ष राख्न पाउँदा मैले आफूलाई गौरवान्वीत महशुस गरेको छु । यस अवसरमा हाम्रो कदमलाई सहयोग गर्नुहुने सम्पूर्ण गाउँपालिकाबासीहरु, निर्वाचित पदाधिकारीहरु, विभिन्न सरकारी तथा गैर सरकारी निकायहरु, नागरिक समाजका अभियन्ताहरु, शिक्षक, सम्पुर्ण राष्ट्रसेवक कर्मचारी वर्ग, पत्रकार, तथा समाजसेवीहरु प्रति आभार व्यक्त गर्न चाहान्छु ।

**श्रद्धेय अध्यक्ष महोदय,**

अव म चालु आ.व. २०७४/०७५ को वार्षिक कायक्रमको समिक्षा गर्न अनुमति चाहन्छु ।

चालु आ.व.को लागि यस सम्मानित सभाबाट कुल विनियोजित रकम रु २१ करोड ६९ लाख ५ हजार २ सय ७८ रुपैया मध्ये चालु तर्फ रु २ करोड ७२ लाख २९ हजार ७ सय ५० रुपैया, सशर्त अनुदान तर्फ७ करोड ५५लाख १४ हजार र पुँजिगत तर्फ १० करोड ७० लाख २९ हजार २ सय ५० रुपैयाविनियोजन भएको थियो । उक्त विनियोजित रकम मध्ये हाल सम्मको अवस्थामा चालु तर्फ रु ९५ प्रतिशत र पुजिगत तर्फ ८५ प्रतिशतरकम खर्च भएको छ ।

चालु आ.व.मा सम्पन्न भएका र सुचारु रहेका योजना तथा कार्यक्रमको विश्लेषण गर्दा भौतिक पुर्वाधार तर्फ दोभान सल्लेरी खण्ड, सल्लेरी लाकुरी चौतारा खण्ड र ताम्कु लाकुरी चौतारा सडकको १४.८ किलोमिटर चौडा पार्ने कार्यको करीब ९७ प्रतिशत कार्य सम्पन्न भएको छ । वडा नं ४ अन्तरगत पर्ने माङतेवा याफु सडक खण्डको ३.६ किलोमिटर तथा दिबुङ बेन्छोङ सडक खण्डको १.२ किलोमिटर ट्र्याक ओपन गर्ने कार्य सम्पन्न भएको छ । वडा नं २ अन्तरगत बुधवारे वडा कार्यालय खण्डको ३ किलोमिटर ट्र्याक ओपन कार्य सम्पन्न भएको छ । बुधवारेबाट गाउँपालिका जोड्ने सडकको २ किलोमिटर, ३ नं वडा कार्यालयबाट लकुवा जाने सडकको १.५ किलोमिटर र ३ नं वडा कार्यालयबाट नागिटार जाने सडकको १ किलोमिटर सडक ट्र्याक ओपन गर्ने कार्य सम्पन्न भएको छ ।

सामाजिक विकास तर्फ गुणस्तरिय र प्रभावकारी शिक्षा सेवा कार्यक्रम अन्तर्गत प्रविधिमैत्री शिक्षा सेवाको लागि स्लाईड प्रोजेक्टर, सि.सि. टि. भि. क्यामरा, कम्प्युटर व्यवस्थापन आदी प्रविधिजन्य सामग्रीहरु विद्यालयहरुमा

जडान गरी सेवा प्रवाह गरिएको छ । मातृभाषा र नेपाली भाषा बाहेक अनिवार्य अंग्रेजी माध्यमबाट कक्षा संचालन गरी सेवा प्रवाह गरिएको छ । विद्यालयहरुमा स्वास्थ्य प्राविधिकहरु पठाएर विधार्थीहरुको स्वास्थ्य परिक्षण तथा स्वास्थ्य सेवा प्रदान गर्ने कार्यले विधार्थीहरुको स्वास्थ्यमा सुधार भईरहेको छ ।आदिवासी जनजाति, दलित, अपाङ्ग, जेष्ठ नागरिक, महिला तथा बालबालिका लक्षित समुहहरुको क्षमता विकास तथा सशक्तिकरणका लागि विविध कार्यक्रमहरु सफलतापूर्वक सञ्चालन गरिएको छ । गाउँपालिकावाट चालु आ.व.मा जनप्रतिनिधि र कर्मचारी गरी ५० जनालाई क्षमता विकास तालिम प्रदान गरिएको छ । त्यस्तै गरी जिल्ला घरेलु तथा साना उद्योग विकास समितिको सहयोगमा ५०युवाहरुलाई सीपमलक डकर्मी, ईलेक्ट्रीसियन, प्लम्बिङ, भुमर लगायतका तालिम प्रदान गरी उद्यमशिलता विकासको लागि शीप युक्त जनशक्ति तयार गरिएको छ । यो विषय गाउँपालिकाको गौरव र उपलब्धिको विषय रहेको म ठान्दछु ।

गाउँपालिका भित्रका हरेक वडामा ज्येष्ठ नागरिक तथा फरक क्षमता भएका व्यक्तिहरुको सम्मान गर्ने कार्यक्रम सम्पन्न गरिएको छ । साथै सफा रहौ स्वस्थ्य बनौ भन्ने नाराका साथ सबै वडाहरुमा फोहोरमैला व्यवस्थापन सम्बन्धी सचेतनामूलक कार्यक्रमहरु सञ्चालन भएका छन् ।

स्वास्थ्यनै धन भन्ने नारालाई सार्थकता दिन सबै वडा कार्यालयहरुमा रहेका स्वास्थ्यकर्मीहरुबाट समयमानै गुणस्तरीय सेवा प्रवाह गर्ने कार्यको थालनी भएको छ । स्वास्थ्य संस्था मार्फत प्रसुती सेवा लिने प्रवृत्तिमा बढोत्तरी हुन थालेको छ । यो प्रवृत्तिले मानिसहरुमा स्वास्थ्य सेवा प्रति नागरिक हरुमासचेतना बढ्न थालेको आभाष गर्न सकिन्छ । यद्यपी दरबन्दी अनुरुपका कर्मचारीहरु नहुनु तथा भिडियो एक्सरे लगायतका सुविधाहरुको प्रयोग गर्न नसकिनुले अझै पनि यी सेवाहरुको लागि नागरिकहरु जिल्ला नै धाउनु पर्ने बाध्यात्मक अवस्था रहेको छ ।

आर्थिक विकास तर्फ कृषि तथा पशु स्वास्थ्य कार्यक्रममा विनियोजित वजेटबाट विविध कार्यक्रम सञ्चालन गरी आम कृषकको हित प्रवर्द्धनमा ठोस टेवा पुग्न गएको छ । कृषक हरुको क्षमता अभिवृद्धि गरी व्यवसायिक खेती प्रणालीको विस्तार गर्न घुम्ती स्थलगत तालीम सबै वडाहरुमा सञ्चालन भएको छ । कृषकहरुको आम्दानी बढोत्तरी गर्न च्याउको विउ वितरण, तरकारी उन्नत कीट वितरण, प्लाष्टिक टनेल वितरण, थोपा सिंचाई प्रविधि प्रदर्शन कार्यक्रम तथा किबीको बिरुवा वितरण कार्यक्रम लगायतका कार्यक्रमहरु सम्पन्न भएका छन ।

चालु आ.व.मा सवै वडामा कार्यालय स्थापना गरी आवश्यक न्युनतम भौतिक पुर्वाधारको व्यवस्था मार्फत सेवा प्रवाहलाई प्रभावकारी वनाउने तर्फ गाउँपालिकाले ठोस प्रयास गरेको छ ।गाउँपालिकामा सेवा प्रवाहलाई व्यवस्थित गर्न तथा भौतिक सम्पत्तिको सुरक्षाको लागि सीसी टीभी जडान गरिएको छ । यस गाँउपालिकाको कर्मचारी दरवन्दी हाल सम्म पनि रिक्त भएकोले न्युन जनशक्तिवाट अधिकतम प्रगति हासिल गर्नु पर्ने भएकोले समग्रमा केहि कम भौतिक तथा वित्तीय प्रगति देखिएता पनि पछिल्लो प्रवृत्ति विश्लेषण गर्दा प्रगति सन्तोषजनक भएको पाउन सकिन्छ ।

**श्रद्धेय अध्यक्ष महोदय,**

अब, म यस गाउँपालिकाको आगामी आ.व. २०७५/२०७६ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न अनुमति चाहान्छु । नीति तथा कार्यक्रम प्रस्तुत गर्नुपूर्व यस गाउँपालिकाको दिर्घकालिन सोच (ख्क्ष्यल), लक्ष्य (न्यबी), उद्देश्य (इदवभअतष्खभ) र अपेक्षित उपलब्धीको बारेमा छोटकरीमा प्रस्तुत गर्न चाहान्छु ।

## सोच

समृद्ध सिलिचोङ गाउँपालिकाको आधार,

कृषि, पर्यटन,रोजगारसहितको गुणस्तरीय पुर्वाधार।

**लक्ष्य**

पुर्वाधार विकास, व्यवसायिक कृषि, गुणस्तरीय शिक्षा, पर्यटनर उद्यमशिलताको विकासबाट समृद्ध सिलिचोङगाउँपालिका निर्माण गर्ने ।

## उद्देश्य

१) प्रत्येक वडा कार्यालय जोड्ने सडक निर्माण तथा सहज ढंगले यातायात सञ्चालन गर्न सबैको सहभागिता गराउने ।

२) यस क्षेत्रको माटो सुहाउदो कृषि प्रणालीको विकास गरी कृषि सेवा केन्द्रको स्थापना, कृषि उत्पादनको बजारिकरण तथा विस्धतारिकरण मार्फत गरिवी न्यूनीकरणमा जोड दिने तथा कृषिमा परनिर्भर संस्कृतिको अन्त्य गर्दै आत्मनिर्भर बन्न सबैलाई अग्रसर गराउने ।

३) गुणस्तरीय शिक्षाको माध्यमबाट सुशिक्षित समाज निर्माणमा सबै वर्ग, क्षेत्र तथा समुदाय सँग हातेमालो गर्दै अगाडी बढ्ने ।

४) स्वास्थ्य सेवालाई गुणस्तरीय बनाउदै सबै नागरिकको लागि पहुच योग्य र सर्वसुलभ बनाउने ।

५) सिपमुलक तालिम र ज्ञानको माध्यमबाट दक्ष जनशक्ति विकास गरी रोजगारीका अवसरहरु सिर्जना गर्ने ।

६) सेवा प्रवाहलाई स्वचालित प्रणालीमा आवद्ध गरी सुशासन प्रवद्धनमा टेवा पुऱ्याउने ।

७) सहकार्य र सहभावको संस्कृतिलाई मुल मन्त्रको रुपमा अंगिकार गरी विकासमा जनसहभागिता र साझेदारीको अभ्यासलाई अवलम्वन गर्दै सिलिचोङ गाउँपालिकालाई नेपालकै नमुना गाउँपालिकाको स्तरमा लैजाने ।

## अपेक्षित उपलब्धी

### पूर्वाधार विकास तर्फ

- गाउँपालिका जोडन बुम्लिङटार ताम्कु सडक बाह्रै महिना सहज सञ्चालनमा आउने ।
- वडा नं २ को वडा कार्यालय सडक सञ्जालमा जोडिएको हुने ।

### आर्थिक विकास तर्फ

- आधुनिक कृषि प्रणाली विकास गर्न करीब ७५ जना युवायुवतिहरुलाई वडा कार्यालयको माग बमोजिमको तालिम उपलब्ध हुने ।
- स्वरोजगार युवाहरुको संख्यामा बढोत्तरी गर्न करीव ५० जना युवाहरुलाई सीपमूलक तालीमको व्यवस्था हुने ।
- साना सहकारीहरुको गाउँमा नै स्थापना हुने आधार तय हुने ।
- कृषिउत्पादन वृद्धि गर्ने साना सिंचाइ सुविधाहरु प्राप्त हुने ।

### सामाजिक विकास तर्फ

- सबै बालबालिका विद्यालयमा भर्ना भएको हुने ।
- बालबालिकाको उपस्थिति दर वृद्धि गर्दै सिकाइ स्तर सुधार हुने ।
- स्वचालित अनुगमन प्रणाली मार्फत शिक्षाको गुणस्तरमा सुधार हुने ।
- प्रत्येक नागरिकले आधारभूत स्वास्थ्य सेवाप्राप्त गर्ने ।
- विद्युतीकरण र वैकल्पिकउर्जाको प्रयोगमा बढोत्तरी हुने ।
- 

### वन वातावरण तथा विपद व्यवस्थापन तर्फ

- सार्वजनिक जग्गाहरुमा वृक्षारोपण गरी वातावरणीय स्वच्छता कायम भएको हुने ।
- जल उत्पन्न प्रकोपको क्षति न्युनिकरण हुने ।
- विपद व्यवस्थापनको तयारीको लागि आवश्यक सामाग्री तथा उपकरणको सहज उपलब्धी हुने ।

**संस्थागत विकास तथा सेवा प्रवाह तर्फ**

- संस्थागत अभिलेखहरु चुस्त दुरुस्त रुपमा व्यवस्थापन हुने ।
- व्यक्तिगत घटना दर्ता सम्बन्धी सेवा प्रभावकारी हुने ।
- विद्युतीय सरकारको अवधारणा कार्यान्वयन हुने ।

**वित्तीय व्यवस्थापन तथा सुशासन तर्फ**

- स्थानीय सरकारको सेवाप्रवाह पारदर्शी तथा जवाफदेही हुने ।
- वेरुजु शुन्यीकरण हुने ।
- राजश्वका सम्भावित क्षेत्रहरु पहिचान हुने ।

**श्रद्धेय अध्यक्ष महोदय,**

**अब म आगामी आ.व. ०७५/०७६ को वार्षिक निति कार्यक्रम तथा बजेट प्रस्तुत गर्न अनुमति चाहन्छु ।**

**क) आर्थिक क्षेत्र**

१. कृषिलाई सम्वृद्ध सिलिचोडको मूल आधारको रुपमा स्थापीत गरी यस क्षेत्रका जनताको आय र जीवनस्तर वृद्धि गर्न आधुनिक र व्यवसायीक कृषिलाई जोड दिईनेछ । गाउपालिका भित्रका वडा बाट छनौट भई आउने युवाहरुलाई आधुनिक कृषि प्रणाली सम्बन्धी तालीम तथा अन्य सीपमूलक तालीम प्रदान गरी विदेशीएका युवाहरुलाई गाँउमानै फर्काउने अभियानको थालनी हुनेछ । यसका लागि आवस्यक बजेट विनियोजन गरिएको छ । त्यस्तै कृषि तथा पशु स्वास्थ्य क्षेत्रको विविध कार्यक्रमको लागि आवस्यक बजेट विनियोजन गरिएको छ ।

२. आगामी आ.व.मा सहकारी सम्वन्धी गतिविधि गाउँपालिकावाट व्यवस्थापन र नियमन गर्ने प्रक्रियाको थालनी हुनेछ । सहकारी सचेतना तालिम सञ्चालनको लागि आवस्यकबजेट विनियोजन गरिएको छ ।

३.कृषिमा उद्यमशीलता-आजको आवश्यकता भन्ने नाराका साथ कृषिको आधुनिकीकरण तथा औद्योगिकीकरणका लागि कृषक तथा उद्यमीहरुको क्षमता अभिवृद्धि गरिनेछ र साना तथा घरेलु उद्योगहरु सञ्चालनको लागि सहजिकरण गरिनेछ ।

४. कृषि तथा पशुपालन व्यवसायको जोखिम न्यूनीकरणका लागि बाली तथा पशु बिमा कार्यक्रममा सहभागी हुन किसानहरुलाइ प्रोत्साहन गरिनेछ । कृषक समुहको माध्यमबाट उन्नत कृषि बाली सम्बन्धी जानकारी गराउने तथा नयाँ प्रविधिको प्रयोग जस्ता सिर्जनात्मक काम गरिनेछन् । पशुपालनव्यवसायलाई व्यावसायिक विकासको लागि नश्ल सुधार, कृतिम गर्भधारण, चरण क्षेत्र विकासमा जोड दिनेछ ।

५. कृषकहरुको उत्पादनलाई सहज ढंगले बजार व्यवस्था गर्न एक वार्ड एक हाट बजार संचालन गर्न प्रोत्साहित गरिनेछ ।

६. उच्च मूल्यको फलफुल खेतीलाई प्रोत्साहन दिँदै विभिन्न कृषि उपज उत्पादनको पकेट क्षेत्र घोषणा गरी उत्पादन वृद्धिमा सहयोग पुऱ्याइने छ ।

७. गाउँपालिकाको विभिन्न स्थानमा पोखरी निर्माण गरि माछापालन गर्दै आय आर्जन र पर्यटकीय गन्तव्य निर्माणको आधार तयार गर्न युवाहरुलाई प्रोत्साहित गरीने छ ।

**ख. सामाजिक विकास क्षेत्र**

१. प्रत्येक वडामा माध्यमिक तहसम्म निःशुल्क, अनिवार्य र गुणस्तरीय शिक्षा सर्वसुलभ गराइनेछ । अंग्रेजी माध्यमबाट पठनपाठनको व्यवस्था गर्ने विद्यालयलाई विशेष सहयोग गर्ने नीति अवलम्बन गरिनेछ ।
२. प्राविधिक शिक्षा पढ्न चाहने गरिव तथा जेहेनदार छात्रछात्रालाई छात्रवृत्तिको व्यवस्था गरिनेछ ।
३. यस गाउँपालिका अर्न्तगतका विद्यालय उमेरका सबै बालबालिकाहरु विद्यालयमा भर्ना भई नियमित उपस्थित गराउन र सिकाई स्तर वृद्धि गर्न जोड दिइनेछ । यसको लागि अनिवार्य रुपमा पालिका स्तरीय अनुगमन तथा सुपरीवेक्षण प्रणालीको विकास गरिनेछ ।
४.प्रभावकारी शिक्षण विधिद्धारा शिक्षण गराउने बिषय शिक्षकलाई सम्मान, सिर्जनसिल तथा लगनसिल विद्यार्थीहरुलाई परिक्षा प्रणाली तथा मूल्याङ्गनमा एकरुपता कायम गर्न विशिष्टिकरण ग्रीड निर्धारण कार्यक्रम र प्रोत्साहन तथा कुशल प्रशासक प्रधानाध्यापकलाई सम्मान तथा प्रोत्साहन गर्ने कार्यक्रम संचालन गरिनेछ ।
५.अनुगमन तथा मुल्याङ्कन कार्यमा सहजताको निम्ति कम्तिमा ३ वटा माध्यमिक विद्यालयहरुमा सिसि टिभि क्यामेराको ब्यवस्थापन गरिनेछ ।
६.परिक्षणको रुपमा प्राथमिकताका आधारमा कुनै १ वटा विद्यालयहरुमा भ्भिअतचष्अ ाष्लनभचष्लन कष्नलबतगचभ ञबअजष्लभको ब्यवस्थापन गरिनेछ ।
७. गाँउपालिका स्तरमा शिक्षा सुधार कार्यक्रम अन्तर्गत समय सापेक्षा शिक्षकहरुलाई क्ष्ऋत् तालिम प्रदान गरि गुणस्तर बृद्धि गरिनेछ ।
८.बालकक्षा संचालन रहेको सबै विद्यालयहरुमा शिशुस्याहार कक्षा ब्यवस्थापन गरि प्रभावकारी अनुगमन गरिनेछ । ऋजषमि म्बथअबचभ अयलअभउत मा अनिबार्य खाजाको ब्यवस्था अभिभावकबाट गराईनेछ ।
९.दुई महिनामा एकपटक प्रत्येक विद्यालयहरुमा स्वास्थ्य प्राविधिकहरु पठाएर विधार्थीहरुको स्वास्थ्य परिक्षण तथा स्वास्थ्य सेवा प्रदान गर्ने ब्यवस्था गरिनेछ ।
११.प्रत्येक विद्यालयहरुमा अतिरिक्त कृयाकलाप साप्ताहिक रुपमा अनिबार्य गरिनेछ ।
१२.प्रत्येक माध्यमिक विद्यालयहरुलाई प्रविधिमैत्रि बनाउनको लागि ईन्टरनेट सुबिधामा पहुच पुर्‍याउन पहल गरिनेछ ।
१३.माध्यमिक विद्यालयमा ऐच्छिक बिषयको रुपमा कम्प्यूटर शिक्षा क्रमागत रुपमा संचालन गरिनेछ ।
१४.सामुदायिक विद्यालयमा अध्ययन गर्ने विधार्थीहरुको अभिभावकहरुलाई ३ महिनाको बिचमा अन्तर्कियाको माध्यमबाट पोषण, सिकाईको स्तर, पोषाक, ब्यक्तिगत सरसफाई, अनुसासन सम्बन्धि पृष्ठपोषण आदान प्रदान गर्ने कार्य अनिबार्य गरिनेछ ।
१५. विधार्थी संख्या, प्रभाव क्षेत्रको आधारमा दरवन्दि तथा करारमा र अल्पकालिन आवस्यकता अनुसारको जनशक्तिको थपघट गरिनेछ ।
१६. प्रोजेक्टर प्रणालीबाट अध्यापन कार्य गरी नमुना विद्यालय स्थापना गरिनेछ ।
१७. बिभिन्न सरकारी तथा गैहृसरकारी दातृ निकायहरुको पहिचान तथा सहकार्य गरि शैक्षिक सुधारका लागि पहल गरिनेछ ।
१८. शैक्षिक शत्रको अन्त्यमा बार्षिक परिक्षा हुनुभन्दा अगावै बिषय शिक्षकले अन्तरविद्यालय नमुना कक्षा संचालन अनिबार्य गरिनेछ ।
१९ गाउँपालिका भरीका जेष्ठ नागरिकहरुको गाउँगाउँमा पुगेर स्वास्थ्य परीक्षण गरि आवश्यक उपचारको व्यवस्था गरिनेछ । स्वास्थ्य चौकीको स्तरवृद्धि गर्ने र स्वास्थ्य चौकीमा प्रसुती केन्द्रलाई थप व्यवस्थित तथा स्थापना गर्न पहल गरिनेछ । सामुदायिक स्वस्थ्य ईकाई स्थापन गरी वडा नं. २ र वडा नं. ५ मा संचालन गरिनेछ ।

२०. स्वास्थ्य चौकीको सेवाक्षेत्र भित्र स्वास्थ्य प्राविधिकहरु प्रत्येक २ महिनामा कम्तिमा एकपटक प्रत्येक घरघरमा गएर संस्थागत प्रसुति सेवा, नवजात शिशु स्याहार, परिवार नियोजन, खोप, पोषण तथा ज्येष्ठ नागरिक स्वास्थ्य सेवा कार्यक्रम, ब्यक्तिगत सरसफाई, शौचालयको प्रयोग, भान्साकोठा सरसफाई, घरआगन सरसफाई, गोठ, खोर ब्यवस्थापन, स्तनपान, कुपोषण, बालमृत्यु दर, सुत्केरी तथा गर्भवती महिलाको स्वास्थ्य अवस्था, वातावरण प्रर्दुषण नियंत्रण आदि बिषयमा स्थलथत अध्ययनको प्रतिबेदन सम्बन्धित प्राविधिकले तय गरेर समितिको बैठकमा प्रस्तुत गर्नका साथै बिवरण वडा तथा पालिकामा पठाउने ब्यवस्था गरिनेछ ।

२१. राज्यबाट प्रदान हुने ३५ प्रकारका औषधीहरु ब्यवहारिक रुपमा स्वास्थ्य चौकीसम्म नआईरहेको अवस्थालाई मध्यनजर राख्दै उक्त सुविधाको खोजि तथा तदारुकताका साथ कार्यान्वयन गरिनेछ ।

२२. यस गाउँपालिकामा कार्यरत सम्पुर्ण स्वास्थ्यसँग सम्बन्धित संघसंस्थाहरुलाई मासिक प्रगति प्रतिवेदन वडा हुँदै गाउँपालिकामा पठाउने ब्यवस्था गरिनेछ र उक्त प्रतिवेदनका आधारमा सिकाई उपलब्धि र समस्या पहिचानका सवालमा बिश्लेषण गरि पृष्ठपोषण प्रवाह गरिनेछ ।

२३ प्रत्येक वडामा रहेको स्वास्थ्य चौकीमा दरबन्दी अनुसारको कर्मचारीको व्यवस्थापन र आवश्यकता अनुसारको थप स्वास्थ्यकर्मीको व्यवस्थापन गरिनेछ ।

२४. प्राथमिक स्वास्थ्य केन्द र स्वास्थ्य चौकीको भौतिक संरचना थप ब्यवस्थापन गरिनेछ ।

२५. समुदायमा सेवारत हरेक टोल टोलका महिला स्वास्थ्य स्वयंसेविकाहरुको प्रोत्साहनका लागि सेवा सुविधामा समय सापेक्ष थप गरिनेछ ।

२६. सुर्तीजन्य पदार्थको सेवन, बेचविखनलाई कानुन बमोजिम कडाईका साथ नियन्त्रण तथा नियमन गर्दै लगिनेछ । बेचविखनमा व्यवस्थापन गरि धुम्रपान, मध्यपानमा कर बृद्धि गरि असुल गरिनेछ ।

२७. घरमा प्रसुति शुन्य (श्भचय जयफभ म्भषिखभचथ), पूर्ण स्तनपान, पूर्ण सरसफाई, बालविवाह मुक्त र पूर्णखोप युक्त एक नमूना गा.पा. को रुपमा स्थापना गर्न सचेतना कार्यकम संचालन गरिनेछ ।

२८. आयुर्वेद स्वास्थ्य सेवालाई आवश्यकतानुसार विस्तार गरि यहाँका जडिबुटीको पहिचान तथा उपयोगका लागि अध्ययन गरिनेछ ।

२९. परम्परागत उपचार प्रणालीलाई त्यसैमा मात्र सीमित नराखेर आफ्नो ऐतिहासिक पहिचानलाई कायम राख्दै वैज्ञानिक पद्धतिसंग जोड्नका लागि विभिन्न अभिमुखीकरण संचालन गर्दै लगिनेछ ।

३०. स्वास्थ्य क्षेत्रमा काम गर्ने संघसंस्थाहरुले यसै स्वास्थ्य क्षेत्रको नीति तथा कार्यक्रमलाई सफल बनाउने गरि सहकार्य गरि नतिजामुखी गुणस्तरीय सेवा प्रदानका लागि सहयोग गर्नका लागि सहकार्य गरिनेछ ।

**३१.** धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षणमा जोड दिईनेछ । विभिन्न जातिको मौलिक संस्कृतिको संरक्षण र संवर्द्धन गर्ने नीति लिईएको छ । विभिन्न मठमन्दिर, चावा, चर्च, देवस्थल, आदिको संरक्षणमा ध्यान दिईनेछ ।

३२. वातावरणीय सरसफाई सम्बन्धी सचेतना अभिवृद्धि गरि स्वच्छ, सुन्दर र पूर्ण सरसफाइयुक्त समुदाय निर्माणमा जोड दिइनेछ ।

३३. दलित समुदायको परम्परागत सीपलाई आधुनिकिरण गर्दै व्यावसायीकरणमा जोड दिइनेछ र महिला तथा बालबालिकाको विरुद्धमा हुने हिंसा र दुर्व्यवहार अन्त्य र सबै नागरिकको सम्मानको लागि लैंगिक तथा सामाजिक समावेशीकरण नीति बनाई लागुगरिनेछ ।

३४. बालबालिकाको सहभागिता, संरक्षण र विकासको अधिकार सुनिश्चित गर्न बाल संरक्षण र सहभागिता प्रवर्द्धनात्मक कार्यक्रममा जोड दिईनेछ ।

३५. गाउँपालिकाको केन्द्रमा उपयुक्त खेल मैदान निर्माण गर्नका लागी यस आ.मा. आवश्यक जग्गा व्यवस्थापन गरिने छ ।

३६. गाउँपालिका स्तरीय खेलकुद विकास कार्यक्रम सञ्चालन गरिने छ । उक्त कार्यक्रम खेलकुद विकास समितिको सिफारिस बमोजिमको खेलकुद कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरिएको छ ।

३७. लक्षित समुहहरुको सशक्तिकरण र राज्य संयन्त्रमा प्रवाहिकरण गराउन पिछडिएका जाति, जनजाति, दलित,अपाङ्ग, महिला तथा बालबालिका आदि लक्षित समूहलाई सचेतनामूलक, सीपमूलक र रोजगारमूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

## ग. पूर्वाधार विकास क्षेत्र

१. गाउँपालिकाका सबै वडाहरुलाई सडक सञ्जालबाट जोड्नको लागि बजेट विनियोजनमा प्राथमिकता दिइनेछ र गाउँपालिकाको केन्द्र जोड्ने सडकको क्रमश स्तरोन्नती गरिनेछ । स्थानीय सडक निर्माणको लागि वजेटको मूख्य हिस्सा विनियोजन गरिएको छ ।
२. स्थानीय सडकहरुको निर्माण, उपयोग गर्दा वातावरणीय सन्तुलनलाई ध्यान दिइनेछ साथै स्थानीय सडकहरुलाई पर्यटकीय र हरित सडकको रुपमा विकास गर्न प्राथमिकता दिइनेछ ।
३. सार्वजनिक सम्पत्तिको अभिलेखांकन गरि तिनको सुरक्षा र उत्पादनमुलक क्षेत्रमा प्रयोग गरिने कार्यको थालनी गरिने छ ।
५. सबै वडाहरुमा राष्ट्रिय प्रशारणलाईन मार्फत ग्रामिण विद्युतीकरण विस्तार गर्न प्राथमिकता दिईनेछ । ग्रामिण विद्युतिकरणको लागि तार तथा पोल खरिद, सोलार लगायत विद्युतिय सामान खरिदका कार्यक्रम समावेश गरिने छ ।
६. सार्वजनिक-निजी साझेदारीमा बैकल्पिक तथा नवीकरणीय उर्जाको प्रयोगलाई प्रोत्साहित गरिनेछ ।

७. कृषि उत्पादन वृद्धि गर्ने सिंचाइ प्रणालीहरुलाई भरपर्दो, आधुनिक र दिगो बनाइनेछ । गाउँपालिकाका मुख्य कृषियोग्य भुमिलाई सिंचित गर्दै उत्पादन एवं उत्पादकत्व वृद्धि गर्न प्राथमिकतना दिईने्छ ।
८. प्रत्येक वस्तीको घरघरमा जनतालाई विभिन्न सूचना, मनोरञ्जन र उपयोगी सीप तथा ज्ञान प्रवाह गर्नका लागि एफ.एम. रेडियो संचालन गर्न ईच्छुक लगानीकर्तालाइ प्रोत्साहन दिईनेछ । साथै स्थानीय पत्रिका प्रकाशन गर्नेलाई विशेष सुविधा दिईनेछ ।
९. आगामी आ.व. देखि गाउँपालिकाभित्र नयाँ वन्ने सवै घर तथा संरचनाहरु निर्माणमा नक्सा पासलाई अनिवार्य गरिनेछ ।

## घ. वातावरण तथा विपद व्यवस्थापन क्षेत्र

१. विपदको जोखिम आकलन गर्न  विपद जोखिम क्षेत्रको नक्साङ्कन, स्थानान्तरण र विपदको पूर्व तयारी गर्ने कामलाई विशेष प्राथमिकता दिनुका साथै गाउँपालिकामा विगत वर्षकै कार्यक्रमलाई निरन्तरता
दिइ आपतकालिन उद्धार तथा राहत कोष तथा सामग्रीको व्यवस्था गरिनेछ ।
३. बाढी, पहिरो, चट्याङ, हावाहुरी, आगलागी, खडेरी, अतिवृष्टि, अनावृष्टि र भूकम्प जस्ता कारणहरुको आंकलन गर्ने र यिनीहरुबाट हुने नकारात्मक प्रभावलाई न्यूनिकरण गर्न विपद व्यवस्थापनमा संघ र प्रदेश सरकारको समन्वयमामा स्थानीय जनतासँग सहकार्य गरी आवश्यक वडा तथा गाउँपालिका स्तरको विपद व्यवस्थापन तथा प्रतिकार्य योजना बनाइनेछ ।जसका लागि यसै आर्थिक बर्षबाट कार्यक्रमको थालनी गरिने छ ।

४. नीजि तथा सार्वजनिक जग्गाको साथै सडक वरिपरी वार्षिक रुपमा नियमित वृक्षारोपण गर्न प्रोत्साहित गरिनेछ ।
५. फोहोर मैला व्यवस्थापनको लागि सचेतनामूलक कार्यक्रम प्रत्येक टोल टोलमा पुऱ्याउन वडा नं ३ बाट उक्त कार्यक्रमको थालनी गरिने छ जसको आवश्यक बजेट विनियोजन गरिएको छ ।

६. जलवायु परिवर्तनले पारेको प्रभावको अध्ययन र त्यसको निरुपण गर्नका लागि सरकारी र गैर-सरकारी कार्यक्रमहरुसँग संयोजन गरी प्राथमिकताको क्षेत्रमा कार्यक्रम संचालन गरिनेछ ।
७ जलवायु परिवर्तन र यसबाट पर्ने असरबारे आम नागरिकहरुलाई सचेत गराउनको लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

८. भू संरक्षण तथा जल उत्पन्न प्रकोप नियन्त्रणका कार्यक्रमहरु सञ्चालन गरिनेछ । सो को लागि आवश्यक वजेट विनियोजन गरिएको छ ।

९. सवै वडाहरुमा सरसफाई अभियान सञ्चालन गर्ने र गाउँपालिका अन्तर्गतका खोला नालाहरुलाइ प्रदुषण हुन नदिने अभियान चलाइनेछ ।

## ङ. संस्थागत विकास तथा सेवा प्रवाह क्षेत्र

१.सूचना प्रविधिको उपयोग गरी समन्वयात्मक तथा कम खर्चिलो तवरले स्थानीय तहका दैनिक प्रशासनिक अभिलेखहरुलाई आधिकारिक तथ्याङ्कका रुपमा प्रयोग गर्न सकिने व्यवस्था गरिनेछ ।

२. सवै वडामा व्यक्तिगत घटना दर्ता अनलाइन प्रणालीबाट गरी प्रादेशिक तथा केन्द्रीय निकायमा नियमित रुपमा विवरण  पठाउने कार्यको थालनी यसै आर्थिक बर्षबाट सुरुवात गरिनेछ ।

३. स्थानीय सरकारको शासन र प्रशासनिक संयन्त्रलाई समावेशी, सेवामुखी, स्तरीय, विधिसम्मत र जनतामैत्री बनाउने लक्ष्य लिएको छ । सरकारी सेवाप्रदायक निकायमा दक्षता, जवाफदेहिता, पारदर्शिता, प्रभावकारिता र भ्रष्टाचारमुक्त शासन सुनिश्चित गर्ने नीति लिइनेछ । जनताको गुनासो सुनुवाई संयन्त्रको निर्माण गरी कार्यान्वयन गरिनेछ ।

५. जेष्ठ नागरिक, अपांगता भएको व्यक्ति, एकल महिला, लोपोन्मुख आदिवासी जनजातिलाई प्रदान गरिने सामाजिक सुरक्षा भत्ता समयमा सहज रुपमा प्रदान गर्नको लागि पारदर्शी र जवाफदेही वितरण प्रणाली अपनाइनेछ । जेष्ठ नागरिकहरुको ज्ञान तथा अनुभवको उपयोग गर्दै उनिहरुको सम्मानित जीवनयापनको लागि आवश्यक व्यवस्था  गरिनेछ ।

६. सबै **सार्वजनिक पूर्वाधारहरु अपाङ्गमैत्री र बालमैत्री** निर्माण गर्नुपर्ने मापदण्ड जारी गरी कार्यान्वयनको अनुगमन तथा सुपरीवेक्षण गरिनेछ ।

७. अपाङ्गताको प्रकृति हेरी उपयुक्त सीपमूलक तालिम प्रदान गरी रोजगारीका अवसरहरूमा पहुँच विस्तार गर्ने प्रक्रियाको थालनी आगामी आ.व बाट गरिनेछ । उनिहरुको स्वरोजगारीका अवसरहरूको सृजना गर्दै उद्यमशीलताको विकास गर्न आर्थिक सहयोगको व्यवस्था गरिनेछ ।

८. करका दरहरु न्युन गरी करका दायरा विस्तार गरिनेछ ।समयमै कर तिरौ, सम्वृद्ध सिलिचोङ निर्माणमा सहयोग गरौ भन्ने नारालाई राजस्व परिचालनको नारा बनाईनेछ । जनताले तिरेको करलाई अधिकतम रुपमा सदुपयोग गरी जनताकै हितको लागि उपयोग गरिनेछ ।

९. करका प्रशासनिक प्रक्रियाहरु सरल हुनेछन् । कर प्रशासनलाइ आधुनिक सूचना प्रविधिको पूर्ण उपयोग गरी स्वचालित प्रणालीमा आवद्ध गरिनेछ । कर छली र चुहावट रोक्न बुधवारे, मांङतेवा, चित्रे तथा याफुका नाकाहरुमा कडाई गरिने छ ।

१०.गाउँपालिकाको वस्तुगत तथ्यांक डिजिटल रुपमा अद्यावधिक गर्दै लगिनेछ । सार्वजनिक श्रोत उपयोगको क्षेत्रको गुरुयोजना वनाई आवधिक योजना निर्माण गर्ने तर्फ कार्यक्रम सञ्चालन गरिनेछ ।

**श्रद्धेय अध्यक्ष महोदय,**

नागरिकहरुका ईच्छा, आकांक्षाहरु, आवश्यकताहरु असिमित छन, तर स्रोत र साधनहरु सिमित छन । सिमित स्रोत र साधनबाट समग्र सिलिचोङ वासीको चाहना र विकासलाई सम्बोधन गर्न आफैमा चूनौतिपूर्ण छ । त्यसैले सिमित स्रोत र साधनलाई अत्युतम रुपमा परिचालन गरी अधिकतम जनसहभागिता, सहकार्य तथा साझेदारीमा विकासका कार्यक्रम सञ्चालन गर्नुपर्ने हाम्रो आवश्यकता र वाध्यता रहेको छ । यस तर्फ सम्पुर्ण सदस्य ज्यूहरुको सहयोग र सहकार्यको पूर्ण सहयोगको आशा लिएको छु ।

यसैगरी यस गाँउपालिका अर्न्तगत रहेका पाचै वटा वडाहरुको समानुपातिक र समावेशी विकास गर्न भौगोलिक तथा जनसंख्याको आधारमा वडा नं १ को लागि रु १ करोड दुई हजार, वडा नं २ को लागि रु १ करोड एक हजार, वडा नं ३ को लागि एक करोड दुइ हजार, वडा नं ४ को एक करोड एक हजार र वडा नं ५ को लागि रु १ करोड एक हजार विनियोजन गरिएको छ । त्यसै गरी गाउँपालिका बाट खर्च हुने

योजनाहरुमा रु ६ करोड १६ लाख २० हजार त्रिपन्न रुपैया खर्च गरिनेछ । जगेडा कोष अन्तरगतको रु पचासी लाख रुपैया गाउँ कार्यपालिको निर्णय बमोजिमका योजना तथा कार्यक्रमहरुमा खर्च गरिने छ ।

**श्रद्धेय अध्यक्ष महोदय,**

अब म आगामी आर्थिक बर्षमा गाउपालिका र सम्पुर्ण वडाहरुमा बिनियोजित योजना तथा कार्यकमहरु प्रस्तुत गर्न अनुमति चाहन्छु ।

गाउँपालिकाबाट लगानी भई संचालन तथा कार्यान्वयन हुने कार्यकम निम्नानुसार रहेका छन ।

| क.सं. | आ.ब. २०७५/०७६ को वार्षिक कार्यकम | |
|---|---|---|
| | कार्यकम/आयोजनाको नाम | विनियोजित बजेट |
| १ | **आर्थिक बिकास तर्फः** | |
| १.१ | पशुपालन ब्यवशाय कार्यकम | १०,००,००० |
| १.२ | कृषि बिकास कार्यकम | १०,००,००० |
| १.३ | अल्लो काँटा कुरुष बुनाई तालिम | ३,००,००० |
| १.४ | उद्यमी ब्यवशायी सिपबिकास तालिम | ५,००,००० |
| १.५ | होमस्टे सचेतना कार्यकम | ३,००,००० |
| १.६ | थामडाँडा भ्यूटावर निर्माण (सत्यबाबासँग साझेदारी) | ५,००,००० |
| १.७ | देउरालि डाँडामा हावा घर निर्माण | ५,००,००० |
| | **जम्मा** | ४१,००,००० |
| २ | **सामाजिक बिकास तर्फः** | |
| २.१ | शिक्षा बिकास कार्यकम अन्तर्गत नेवाटार, बाला र माहेश्वरी याफु मा. वि. शिक्षक ब्यवस्थापन | ७,८०,००० |
| २.२ | शिक्षा बिकास कार्यकम अन्तर्गत नेवाटार आ. वि., भिमसेन आ. वि., अमरसिंह आ. वि., हिमालज्याती आ. वि., महाकाली आ.वि., कालिका आ. वि., बागेश्वरी आ. वि. कटुन्जे आ. वि., सुर्योदय आ.वि. शिक्षक ब्यवस्थापन | १७,५५,००० |
| २.३ | याफु सामुदायिक स्वास्थ्य ईकाइ स्थापना तथा ब्यवस्थापन | ११,००,००० |
| २.४ | गुणस्तरिय शिक्षा कार्यकम निर्माण विषयक कार्यशाला गोष्ठि | १,००,००० |
| २.५ | बिषयगत शिक्षक तालिम (गणित, विज्ञान, अंग्रेजी तालिम) | ३,००,००० |
| २.६ | जाल्पा आ.वि. भवन निर्माण | ३,००,००० |
| २.७ | कुलुङ भाषा पाठ्यकम निर्माण तथा पाठ्यपुस्तक छपाई | ५,००,००० |

| | | |
|---|---|---|
| २.८ | सगरमाथा मा.वि. कम्प्युटर शिक्षा | १०,००,००० |
| २.९ | बाला मा.वि. आर. सि. सि. भवन निर्माण आंसिक सहयोग साझेदारी | १०,००,००० |
| २.१० | नेवाटार मा. वि. लाई सुचना तथा संचार प्रविधि (ICT) सामग्री व्यवस्थापन | ३,००,००० |
| २.११ | बाला याम्दाङ्ग मा. वि. लाई सुचना तथा संचार प्रविधि (ICT) सामग्री व्यवस्थापन | ३,००,००० |
| २.१२ | बाला मा. वि. लाई सुचना तथा संचार प्रविधि (ICT) सामग्री व्यवस्थापन | ३,००,००० |
| २.१३ | सगरमाथा मा. वि. लाई सुचना तथा संचार प्रविधि (ICT) सामग्री व्यवस्थापन | ३,००,००० |
| २.१४ | जिवनज्योती मा. वि. लाई सुचना तथा संचार प्रविधि ICT) ९सामग्री व्यवस्थापन | ३,००,००० |
| २.१५ | याफु मा. वि. लाई सुचना तथा संचार प्रविधि (ICT) सामग्री व्यवस्थापन | ३,००,००० |
| २.१६ | प्रा. स्वा. केन्द्र ताम्कु भि.डि.यो. एक्स्रे मेसिन तथा औषधी, कर्मचारी व्यवस्थापन | १४,००,००० |
| २.१७ | बाला स्वास्थय चौकी कार्यालय तथा कर्मचारी वासस्थान व्यवस्थापन | ३,००,००० |
| २.१८ | सिसुवाखोला स्वास्थय चौकी कार्यालय व्यवस्थापन | ३,००,००० |
| २.१९ | मांतेवा स्वास्थय चौकी कार्यालय व्यवस्थापन | ३,००,००० |
| २.२० | माहेश्वरी मा. वि. खेलमैदान निर्माण | २,५०,००० |
| २.२१ | जीवनज्योती मा. वि. खेलमैदान निर्माण | २,५०,००० |
| २.२२ | आधारभुत विद्यालय कक्षा ८ को प्रश्नपत्र निर्माण, छपाई तथा व्यवस्थापन | २,००,००० |
| २.२३ | महिला विकास कार्यक्रम | ३,००,००० |
| २.२४ | वालवालिका कार्यक्रम | २,००,००० |
| २.२५ | आदिवासि जनजाती समाधि स्थल व्यवस्थापन | २,५०,००० |
| २.२६ | सिलिचोङ खेलकुद विकास कार्यक्रम | ३,००,००० |
| २.२७ | जेष्ठ नागरिक तथा अपाङ्गता सम्मान कार्यक्रम | २,००,००० |
| | **जम्मा** | **१,२८,८५,०००** |
| **३** | **पुर्वाधार बिकास तर्फः** | |

| | | |
|---|---|---|
| ३.१ | बुम्लिङ बुधबारे सडक डि.पि.आर. तयार | १०,००,००० |
| ३.२ | दोभान सल्लेरी ताम्कु सडक स्तोरन्नती | ४०,००,००० |
| ३.३ | बुधबारे कोल्वा सडक निर्माण योजना | २०,००,००० |
| ३.४ | दिबुङ -५ नं. वडा कार्यालय जोड्ने सडक निर्माण योजना | ५५,००,००० |
| ३.५ | पौखामटार चेप्चेवा सडक निर्माण योजना | २५,००,००० |
| ३.६ | गा.पा. कार्यालय र वडानं २ जोड्ने सडक निर्माण योजना | २०,००,००० |
| ३.७ | शुक्रबारे कोल्बा सडक निर्माण र गा.पा. घडेरी खार्ने योजना | १५,००,००० |
| ३.८ | ताम्कु वडा कार्यालय भवन निर्माण योजना | ६०,००,००० |
| ३.९ | मांतेवा वडा कार्यलय भवन निर्माण योजना | २३,००,००० |
| ३.१० | मुलपानी खानेपानी ट्याङ्कि निर्माण | ५,००,००० |
| ३.११ | ताम्कु खेम्पालुङ मंदिर निर्माण | १०,००,००० |
| ३.१२ | शुक्रबारे बजार ब्यवस्थापन योजना | ५,००,००० |
| ३.१३ | सिन्तुप झो. पु. निर्माण | २०,००,००० |
| ३.१४ | तेयुङ्ग-डाँडागाउँ-वडा कार्यालय जाने सडक ट्र्याकओपन योजना | १०,००,००० |
| ३.१५ | बुधबारे कृषि बजार ब्यवस्थापन | ८,००,००० |
| ३.१६ | याफु विद्युत विस्तार | १५,००,००० |
| ३.१७ | मांतेवा विद्युत विस्तार | १५,००,००० |
| ३.१८ | चटेक्मा लघुजलविद्युत निर्माण योजना | २०,००,००० |
| ३.१९ | सिसुवाखोला लघुजलविद्युत तार तथा ट्रान्सफ्रर्मर ब्यवस्थापन | २०,००,००० |
| ३.२० | खंलुवाखोला लघुजलविद्युत ब्यवस्थापन | १३,००,००० |
| ३.२१ | मुर्मिटोल लेगुवा सडक निर्माण योजना | ५,००,००० |
| ३.२२ | दांवुवा खानेपानी निर्माण योजना | १०,००,००० |
| ३.२३ | जेकिशुर झो.पु. निर्माण | २२,००,००० |
| ३.२४ | बुधबारे-छुदाक-तिवाटार सडक निर्माण योजना | ५,००,००० |
| ३.२५ | पिखुवाखोला सिंचाई निर्माण योजना (क्रमागत) | १०,००,००० |
| ३.२६ | पाटी पौवा ब्यवस्थापन | १,००,००० |

| | | |
|---|---|---|
| | **जम्मा** | **४,६२,००,०००** |
| **४** | **वातावरण तथा विपद् व्यवस्थापन बिकास तर्फः** | |
| ४.१ | विपद व्यवस्थापन कोष | १०,००,००० |
| ४.२ | विपद व्यवस्थापन सामाग्री खरिद | ८,००,००० |
| ४.३ | गतसालको अ. ल्या. बिपद व्यवस्थापन कोष | १५,००,००० |
| ४.४ | गतसालको अ. ल्या. बिपद व्यवस्थापन सामाग्री खरिद बाँकी कोष | ८,००,००० |
| | **जम्मा** | **४१,००,०००** |
| **५** | **संस्थागत विकास तथा सेवा प्रवाह तर्फः** | |
| ५.१ | एभरेष्ट बैक स्थापनामा व्यवस्थापन | ३,००,००० |
| ५.२ | सिलिचोङ रेडियो उत्पादन कार्यक्रम | ५,००,००० |
| ५.३ | सिलिचोङ विकास बुलेटिन तथा वृत्त चित्र निर्माण | ३,००,००० |
| ५.४ | कानुनी परामर्श सेवा | ३,००,००० |
| ५.५ | सिसुवाटार प्रहरी चौकी कार्यालय भवन निर्माण साझेदारी कार्यक्रम | ५,००,००० |
| ५.६ | जनता संग प्रहरी कार्यक्रम सबै प्रहरी चौकीहरुमा | ६०,००० |
| ५.७ | अध्ययन तथा भ्रमण | २०,००,००० |
| | **जम्मा** | **३९,६०,०००** |
| **६** | **वित्तीय व्यवस्थापन तथा शुसासन तर्फः** | |
| ६.१ | सार्वजनिक सुनुवाई कार्यक्रम | १,५०,००० |
| ६.२ | क्षमता विकास (BOQ Preparation) | १,५०,००० |
| ६.३ | लेखा परिक्षण खर्च | ३,५०,००० |
| ६.४ | कर्मचारी कल्याणकारी कोष व्यवस्थापन (करार सेवा कर्मचारीहरुलाई) | १०,००,००० |
| ६.५ | मेशिनरी सामान खरिद | ५,००,००० |
| ६.६ | जगेडा कोष | ३६,३४,३६० |
| ६.७ | सिलिचोङ डकुमेन्ट्री निर्माण | ६,००,००० |
| | **जम्मा** | **६३,८४,३६०** |

| कन्टेन्जेन्सी र आन्तरिक श्रोत रकम तपसिल बमोजिमको खर्च गरिने ५ | | |
|---|---|---|
| १ | मोटर साईकल खरिद (२) वटा | ६,००,००० |
| २ | मेशिनरी सामान खरिद | १४,२९,००० |
| ३ | सुचना प्रकाशन | ५,००,००० |
| ४ | योजना अनुगमन खर्च | ३,००,००० |
| ५ | सडक सर्भे | ३,००,००० |
| ६ | दोभान सल्लेरी ताम्कु सडक डि.पि.आर तयार | १५,००,००० |
| | **जम्मा** | **४६,२९,०००** |
| | | |
| | **कुल जम्मा** | **७,७६,२९,३६०** |

सम्बन्धित वडा कार्यालयहरुबाट लगानी भई संचालन तथा कार्यान्वयन हुने कार्यक्रम निम्नानुसार रहेका छन ।

**तपसिल**

सिलिचोङ १ सिसुवाको कार्यक्रमहरु

| क्र.सं. | आ.व. २०७५/०७६ संशोधित | |
|---|---|---|
| | कार्यक्रम/आयोजनाको नाम र ठेगाना | विनियोजित रकम रु. |
| **१** | **आर्थिक बिकास तर्फ** | |
| १.१ | बेथेस्दाएकता बंगुर पालन कृषक समुहपाठा पाठी तथा खोर ) व्यवस्थापन कार्यक्रम | १,५०,००० |
| १.२ | अल्लोखेति व्यवस्थापन , भालुखोप र गानाम्ला क्षेत्र | १,००,००० |
| १.३ | पशुपंक्षीसंरक्षण तथा रोग न्यूनीकरण सचेतना कार्यक्रम वडा स्तरिय | १,००,००० |
| १.४ | समपुरकजगेडा कोष वडा स्तरीय | १,००,००० |
| १.५ | चकेलारेम पर्यटकिय गोरेटो बाटो निर्माण योजना, चेकेला | ३,००,००० |
| १.६ | लालिगुरासमहिला समूह अल्लो कपडा उत्पादन लुमसेट निर्माण तथा सामाग्री खरिद | १,००,००० |
| **जम्मा** | | **८,५०,०००** |

| | | |
|---|---|---|
| रू. | | |
| २) **<u>सामाजिक विकास तर्फ</u>** | | |
| २.१ | पूर्णखोप निरन्तरता कार्यक्रम वडा स्तरीय | १००,००० |
| २.२ | स्वास्थ्यस्वायम सेविका तालिम तथा समीक्षा गोष्ठी वडा स्तरीय | १००,००० |
| २.३ | चित्रेगुम्बा छानो मर्मत योजना, बेसिन्दा | २००,००० |
| २.४ | श्रीकुमारी पुन्टिका आ खेल मैदान .बि .निर्माण | १५१,००० |
| २.५ | चारीभवन निर्माण सिलाप्छिम योजना | १००,००० |
| २.६ | रेमखानेपानि मर्मत योजना , रेम | ६०,००० |
| २.७ | चकेलाखानेपानी मर्मत योजना, चकेला | ६०,००० |
| २.८ | असारेखानेपानी मर्मत योजना, बेसिन्दा | १००,००० |
| २.९ | सिलीचोङआधारभूत विद्ध्यालय घेराबारा | १००,००० |
| २.१० | साम्तेलखानेपानी वेलोक्छी योजना, रियाम्मा | १००,००० |
| २.११ | महिलासशक्तिकरण कार्यक्रम, वडा स्तरीय | १००,००० |
| २.१२ | अपाङ्गकार्यक्रम | २०,००० |
| २.१३ | जेस्ठनागरिक सम्मान कार्यक्रम | १०,००० |
| **जम्मा रू.** | | १,२०१,००० |

## ३) पूर्वाधार विकास तर्फ

| | | |
|---|---|---|
| १ | बुधबारेचेप्चेवा दिल्वा दोभान सडक सर्भे तथा ट्र्याक ओपन | २,०००,००० |
| २ | सिसुवाखोलाचतेक्मा लघु जलविद्धुत निर्माण योजना | २,०००,००० |
| ३ | बुधबारेछुदाक तामालुङ भीमसेन तिवा टार सर्भे तथा ट्र्याक ओपन | १,५००,००० |
| ४ | तिवाखानेपानी निर्माण योजना | ५०१,००० |
| ५ | डाँडाटोलगोरेटो बाटो निर्माण योजना साविक देउराली देखि ) (कान्बुचेको घरसम्मतल्लो तेछोङ | ४००,००० |
| ६ | दिल्वादोभान देखि याङसिम्मा सावि.,सभवनसम्म खच्चड बाटो . निर्माण योजना | १५०,००० |
| ७ | जलकन्यासामुदायिक भवन छाना मर्मत योजना, तिवा | १००,००० |

| | | |
|---|---|---|
| ८ | होयेङलादेखि तेन्छोङ गोरेटो बाटो निर्माण योजना | २००,००० |
| **जम्मा रू.** | | ६,८५१,००० |

४)वातावरण तथा विपद व्यवस्थापन विकासतर्फ

| | | |
|---|---|---|
| १ | डडेलो अग्निरेखा नियन्त्रण वडा स्तरीय | ५०,००० |
| २ | पूर्णसरसफाई तथा फोहोरमैला व्यवस्थापन वडा स्तरीय | २००,००० |
| ३ | सहकारीसौचालय सरसफाई कार्यक्रम | १००,००० |
| **जम्मा रू.** | | ३५०,००० |

छ० **संस्थागत विकासतथा सेवा प्रवाह तर्फ**

| | | |
|---|---|---|
| १ | १नं वडा स्तरीयखेलकुद .कार्यक्रम | २००,००० |
| २ | सिसुवाखोलामध्यवर्ति उपभोक्ता समूह ईकाई कार्यलय व्यवस्थापन कार्यक्रम | ५०,००० |
| ३ | वालविवाहतथा वाल हिंसा सम्वन्धि अन्तरकृय गोष्टि कार्यक्रम, वडा स्तरीय | १००,००० |
| ४ | प्रिन्टरखरिद भीमसेन नि .बि.वा., रियाम्मा | १००,००० |
| **जम्मा रू.** | | ४५०,००० |

६) वितीय व्यवस्थापन र सुशासन तर्फ

| | | |
|---|---|---|
| १ | सार्वजानिकसुनुवाई कार्यक्रम | १००,००० |
| २ | , प्रदेश तथा संघ मन्त्रालय अध्यान भ्रमण | २००,००० |
| **जम्मा रू.** | | ३००,००० |

सिलिचोङ २ बालाको कार्यक्रमहरु

| क.सं. | आ.ब. २०७५/०७६ को वार्षिक कार्यक्रम | |
|---|---|---|
| | **कार्यक्रम/आयोजनाको नाम र ठेगाना** | **विनियोजित बजेट** |
| १ | **आर्थिक बिकास तर्फः** | |
| १.१ | उन्नत जातको माछापालन कार्यक्रम | ५५,१५० |
| १.२ | होमस्टे तथा पर्यापर्यटन व्यवशाय सम्बन्धि चेतनामुलक तालिम | १,००,००० |
| १.३ | थामडाँडा भ्यूटावर निर्माण (सत्यबाबा) सम्भाब्यता अध्ययन | १,५०,००० |
| १.४ | बाला बचत तथा ऋण सहकारी संस्था कर्मचारी क्षमता बिकास तालिम | २५,००० |
| १.५ | बहुउद्धेश्यिय प्रदर्शनी मेलाको आयोजना तथा कृषि बजार व्यवस्थापनको उद्घाटन | १,००,००० |
| १.६ | पारुहाङ कृषक सहकारी संस्था भवन सिसुवाटारमा फर्निचर तथा कार्पेट व्यवस्थापन | १,००,००० |
| १.७ | अल्लो व्यवशायिक खेति गर्ने कार्यक्रम | १,००,००० |
| १.८ | आधुनिक कृषि खेति प्रणालीमा सवलिकरणको निमित्त हेण्ड टिल्लर मेसिन व्यवस्थापन कार्यक्रम (१ वटा) | १,००,००० |
| १.९ | लुमघर मर्मत कार्यक्रम बाला उभोटोल | ५०,००० |
| १.१० | भट्मास, तोरी, फिलुङ्गे तेल पेल्ने आधुनिक मेसिन खरिद | ४,००,००० |

| | | |
|---|---|---|
| | व्यवस्थापन | |
| १.११ | उन्नत जातको तरकारी तथा फलफुल बिउ, बिरुवा वितरण कार्यक्रम | १,००,००० |
| १.१२ | च्याउ खेती कार्यक्रम | ५०,००० |
| १.१३ | बहुउद्देश्यीय नर्सरी व्यवस्थापन कार्यक्रम | १,५०,००० |
| | **जम्मा रू.** | १४,८०,१५० |
| २ | **सामाजिक बिकास तर्फः** | |
| २.१ | प्रभावकारी शिक्षण विधिद्धारा शिक्षण गराउने बिषय शिक्षकलाई सम्मान, सिर्जनसिल तथा लगनसिल विद्यार्थीहरुलाई परिक्षा प्रणाली तथा मूल्याङ्गनमा एकरुपता कायम गर्न विशिष्टिकरण ग्रीड निर्धारण र प्रोत्साहन कार्यक्रम तथा कुशल प्रशासक प्रधानाध्यापकलाई सम्मान तथा प्रोत्साहन गर्ने कार्यक्रम | २,२५,००० |
| २.२ | बुद्ध आ.वि., महाकाली आ. विद्यालयमा सुचनाप्रविधिमा पहुँचको लागि ईन्टरनेट राउटर व्यवस्थापन | १२,००० |
| २.३ | आधारभुत तहमा (कक्षा १ देखि ३ सम्म) नेपाली र मातृभाषा बाहेक सबै बिषय अंग्रेजी माध्यमबाट पठनपाठन गराउनको लागि पाठ्यपुस्तक तथा कक्षाकोठा व्यवस्थापन कार्यक्रम (बाला याम्दाङ्ग मा.वि.) | ४०,००० |
| २.४ | आधारभुत तहमा (१ देखि कक्षा ३ सम्म) नेपाली र मातृभाषा बाहेक सबै बिषय अंग्रेजी माध्यमबाट पठनपाठन गराउनको लागि पाठ्यपुस्तक तथा कक्षाकोठा व्यवस्थापन बाला मा. वि. (हाल संचालन भईरहेको १ कक्षा र आउदो आ.व.मा संचालन हुने कक्षा २) | ६०,००० |
| २.५ | महिला ससक्तिकरण तथा समावेशिकरण कार्यक्रम | २,००,००० |
| २.६ | स्वास्थ्य चौकीमा फर्निचर, प्लाष्टर, रंगरोगन, औजार व्यवस्थापन, स्वास्थ्यमा पोषण सुधार कार्यक्रम तथा विविध व्यवस्थापन | ३,००,००० |
| २.७ | आयुर्वेद स्वास्थ्य सिविर संचालन | ७३,१९० |
| २.८ | महिला स्वास्थ्य स्वयं सेविकाहरुको जनचेतना अभिबृद्धि | ४५,००० |

| | | |
|---|---|---|
| | कार्यक्रम | |
| २.९ | सामुदायिक स्वास्थ्य ईकाइ कार्यक्रम संचालन व्यवस्थापन | ३,००,००० |
| २.१० | पुर्ण सरसफाई युक्त तथा प्याकेजिङ्ग खाद्यन्न वस्तुहरुको प्रयोगमा निरुत्साहन सम्बन्धि जनचेतना कार्यक्रम | ५०,००० |
| २.११ | स्ट्रेचर खरिद व्यवस्थापन | २,००,००० |
| २.१२ | आरान भवन छानो मर्मत योजना | ६०,००० |
| २.१३ | खेलकुद क्षमता विकास तथा संस्थागत बिकास कार्यक्रम | १,००,००० |
| २.१४ | आपाङ्ग तथा ज्येष्ठ नागरिकलाई सम्मान तथा सामाजिक सदभाव ब्यक्त गर्न कार्यक्रम | ८०,००० |
| २.१५ | बालायाम्दाङ्ग माध्यमिक विद्यालय भौतिक संरचना विकास कार्यक्रम | ४,५०,५९० |
| | **जम्मा रू.** | २१,९५,७८० |
| ३ | **<u>पुर्वाधार बिकास तर्फः</u>** | |
| ३.१ | सिसुवाखोला लघुजलविद्युत स्तरोन्नति तथा विस्तार ( सिलिचोङ २) | १०,००,००० |
| ३.२ | चौरीखर्क सिंचाइ निर्माण योजना | १,२५,००० |
| ३.३ | तेयुङ्ग-डाँडागाउँ-वडा कार्यालय जाने सडक ट्र्याकओपन योजना | २०,००,००० |
| ३.४ | तेयुङ्ग-सफुंला-वडा कार्यालय जाने सडक ट्र्याकओपन योजना | २०,००,००० |
| ३.५ | बेस्कु खोलादेखि तेयुङ्गबेसी सिंचाई मर्मत योजना | १,५०,००० |
| ३.६ | योङखोलुङ चर्पि निर्माण योजना लमुवा | ५०,००० |
| ३.७ | वडा कार्यालयदेखि सुवारा-पिप्चुरी भवन-लालीगुराँस आधारभुत विद्यालय हुदै रमिते-चित्रे सडक खण्ड, मुलगाउँ-लमुवा-कंथुला बेसिन्दा-चित्रे खण्ड सडक, डाँडागाउ-रमिते सडक खण्ड तथा वडाबाट गाउँपालिका जाने ३ वटै रुटको सम्भाब्यता अध्ययन कार्यक्रम | ५०,००० |
| ३.८ | सिफुवा सिंचाई निर्माण योजना | ४,००,००० |
| ३.९ | सालघारी-बाला आउने बाटो-तेयुङ्गखेत-माझगाँउ बाटो मर्मत योजना | १,५०,००० |

| | | |
|---|---|---|
| | | ५९,२५,००० |
| ४ | **वातावरण तथा विपद् व्यवस्थापन बिकास तर्फः** | |
| ४.१ | बन व्यवस्थापन कार्यक्रम, वन तथा भुसंरक्षण अभिमुखिकरण कार्यक्रम | १,५०,००० |
| ४.२ | बन नर्सरी व्यवस्थापन, पुर्ण सरसफाई सम्बन्धि जनचेतनामुलक कार्यक्रम, बन डढेलो नियंत्रण औजार व्यवस्थापन | ५०,०३० |
| | **जम्मा रू.** | २,००,०३० |
| ५ | **संस्थागत विकास तथा सेवा प्रवाह तर्फः** | |
| ५.१ | बाला तल्लोटोल र पेलुम्बा लुमघर मर्मत कार्यक्रम (बरावर) | ८०,००० |
| ५.२ | डाँडागाउ लुमघर निर्माण | १,२०,०४० |
| | | २,००,०४० |

## सिलिचोङ ३ ताम्कुको कार्यक्रमहरु

| क्र.सं. | आ.व. २०७५/०७६ संशोधित | |
|---|---|---|
| | **कार्यक्रम/आयोजनाको नाम र ठेगाना** | **विनियोजित रकम रु.** |
| **१** | **आर्थिक विकास तर्फ** | |
| १ | भेडा नस्ला सुधार थुबा खरिद | ३०,००० |
| २ | बाख्राखोर निर्माण योजना | १,५०,००० |
| ३ | बोईलर तार जाली, दाना पानी दिने भाँडो खरिद | २०,००० |
| ४ | अल्लो खेती विस्तार खुंवा सिकिदिम | ३०,००० |
| ५ | अलैची नर्सरी स्थापना लकुवा | १,००,००० |
| ६ | सुन्तलाको विरुवा खरद ताम्कु | ५०,००० |
| ७ | कागती विरुवा खरिद ताम्कु | २०,००० |
| ८ | सहकारी लेखा तालिम | ५०,००० |
| | **जम्मा रु.** | **४,५०,०००** |

## २. सामाजिक विकास तर्फ :

| | | |
|---|---|---|
| १ | सगरमाथा मा.वि. छात्रबास भवन मर्मत योजना | ३,००,००० |
| २ | महिला स्वयं सेविका प्रोत्साहन कार्यक्रम | ५६,००० |
| ३ | ताम्कु प्राथमिक स्वास्थ्य केन्द्र टि.भी. खरिद | ६९,००० |
| ४ | सिभा सामुदायिक भवन सिलिङ निर्माण | २,००,००० |
| ५ | स्वतन्त्र पेन्टीकोष चर्च भवन मर्मत | १,००,००० |
| ६ | सिन्तुप खानेपानी मर्मत योजना | ३,००,००० |
| ७ | लुम्दीया मेत्कुवा खानेपानी मर्मत योजना | २,००,००० |

| | | |
|---|---|---|
| ८ | याङतापा भवन भुई ढलान योजना | १,५०,००० |
| ९ | साम्तीङ सामुदायिक भवन प्लास्टर योजना | ३,००,००० |
| १० | सिंहजालपा देवीथान बाटो र घेरबारा निर्माण योजना | १,५०,००० |
| ११ | लक्ष्मी आ.वि. खेलमैदान निर्माण योजना | ४,००,००० |
| १२ | उर्गेन नाम्डुई गुम्बा मर्मत योजना | ३,००,००० |
| १३ | कोल्बा खानेपानी मर्मत योजना | २,००,००० |
| १४ | आधारभूत तह ताम्कुका (१–५) विद्यार्थीहरुलाई टिफिन बक्स खरिद | २,००,००० |
| १५ | त्रिवेणी बालसंजाल कर्यक्रम | १,५०,००० |
| १६ | महिला सचेतना कार्यक्रम ताम्कु | १,००,००० |
| १७ | खेलकुद कार्यक्रम ताम्कु | १,००,००० |
| १८ | आबिासि जनजाति संस्थागत विकास कार्यक्रम | १,००,००० |
| १९ | आबिासि जनजाति साँस्कृतिक झाँकी कार्यक्रम | १,००,००० |
| २० | जेष्ट नागरिक, अपाङ्ग र दलित समन कार्यक्रम | १,००,००० |
| २१ | देविथान समुदायिक भवन भुई ढलान योजना | १,००,००० |
| २२ | तामावा चारी चावा पर्खाल निर्माण योजना | ७५,००० |
| २३ | पोषण सुधार कार्यक्रम | ७५,००० |
| | **जम्मा रु.** | ३८,२५,००० |

**३) भौतिक पूर्वाधार विकास तर्फ :**

| | | |
|---|---|---|
| १ | दुधेटार लकुवा सडक ट्र्याक ओपन योजना | १८,००,००० |
| २ | साम्तिङ नागिटार सडक ट्र्याक ओपन योजना | १८,०७,२०० |
| ३ | खंलुवा काम्पेप खच्चड बाटो निर्माण योजना | ५,००,००० |
| ४ | दुधेटार गोरेटो बाटो निर्माण योजना | १,५०,००० |
| ५ | लकुवा पूर्नवास गोरेटो बाटो निर्माण योजना | १,५०,००० |
| ६ | पांतिमा पेल्टिक सेट मर्मत योजना | ५०,००० |

| | | |
|---|---|---|
| ७ | काम्पेप मुलगाउँ गोरेटो बाटो निर्माण योजना | ७५,००० |
| ८ | सिकिदिम खुंवा सोलार खरिद कार्यक्रम | ४,५०,००० |
| ९ | खौङलुवा माईको हाईड्रो अर्थिङ खरिद | १,००,००० |
| १० | ताम्कु सडक सर्भे | २,००,००० |
| | **जम्मा रु.** | ५२,८२,२०० |

**४) वातावरण तथा विपद व्यवस्थापन विकास तर्फ :**

| | | |
|---|---|---|
| १ | फोहोर मैला व्यवस्थापन कार्यक्रम | ६२,००० |
| २ | वन तथा वातावरण संरक्षण सचेतना कार्यक्रम | ७५,००० |
| ३ | लालिगुँरास वृक्ष रोपन सुर्के मुँढे | ५०,००० |
| | **जम्मा रु.** | १,८७,००० |

**५) संस्थागत विकास तर्फ :**

| | | |
|---|---|---|
| १ | नागरिक बडापत्र कार्यक्रम | १,००,००० |
| २ | टोलविकास कार्यक्रम | ५०,००० |
| ३ | कार्यालय व्यवस्थापन | ५७,८०० |
| | **जम्मा** | २,०७,८०० |

**६) वित्तीय व्यवस्थापन र शुसासन तर्फ :**

| | | |
|---|---|---|
| १ | सार्वजनिक सुनुवाई कार्यक्रम | ५०,००० |
| | **जम्मा** | ५०,००० |
| | **कुल जम्मा** | १,००,०२,००० |

## सिलिचोङ ४ माङतेवाको कार्यक्रमहरु

| क्र.सं. | आ.ब. २०७५/०७६ को संशोधित | |
|---|---|---|
| | **कार्यक्रम/आयोजनाको नाम र ठेगाना** | **विनियोजित बजेट** |
| **ज्ञ** | **आर्थिक विकास तर्फ** | |
| १.१ | कृषि विकास कार्यक्रम | २,००,००० |
| १.२ | पशु सुधार कार्याक्रम | १,५०,००० |
| १.३ | महिला वचत तथा ऋण सहकारी भवन प्लास्टर | ३,००,००० |
| १.४ | सृजना सहकारी जस्ता पाता खरिद | १,५०,००० |
| १.५ | मिरमिरे सहकारी जस्तापाता खरिद | १,५०,००० |
| १.६ | छिंखा सहकारी शौचालय निर्माण | १,००,००० |
| १.७ | साल्पाधाम घेरावार पाटी निर्माण | १,५०,००० |
| १.८ | सोमवो बजार व्यवस्थापन | १,००,००० |
| | **जम्मा** | १३,००,००० |

२ **सामाजिक विककास तर्फ**

| | | |
|---|---|---|
| २.१ | म्याक्सीनेटर स्वास्थ्य स्वयम् सेविका गोष्ठी संचालन | २,५०,००० |
| २.२ | जिवन ज्योति मा.वि. खेलमदैन र्मरमत योजना | १,५०,००० |
| २.३ | वागीश्वरी शौय उर्जा खरिद योजना | २,००,००० |
| २.४ | कटुञ्जे आ.वि. पर्खाल निर्माण | १,००,००० |
| २.५ | सुर्यदय आ.वि. अभिमुखिकरण गोष्ठी संचालन | १,००,००० |
| २.६ | चन्द्र ज्योति आ.वि. छानो मर्मत | १,००,००० |
| २.७ | जनसेवा आ.वि. घेरावार | ७०,००० |
| २.८ | जनजागृती आ.वि. मर्मत | १,००,००० |
| २.९ | विद्याश्वरी आ.वि. अभिमुखीकरण गोष्ठी | ५०,००० |
| २.१० | ज्ञानोदय आ.वि. जस्तापाता खरिद | १,५०,००० |
| २.११ | अपाङ्ग जेष्ठ नागरिक प्रात्साहन कार्यक्रम | ७०,००० |

| | | |
|---|---|---|
| २.१२ | जनप्रतिनिधि नेतृत्व विकास | ८१,००० |
| २.१३ | जनमिलन आमा समुह शौचालय निर्माण | ५०,००० |
| २.१४ | लालिगँरास आमा समुह शौचालय निर्माण | १,००,००० |
| २.१५ | सामुदायिक स्वास्थ्य ईकाई फर्निचर | २००००० |
| २.१६ | पिउरेटोल खा.पा. ट्याङकी निर्माण | १,००,००० |
| २.१७ | दाग्वेवा खानेपानी मर्मत | १,००,००० |
| २.१८ | मूर्मीटोल धेवा खा.पा. मर्मत | ५०,००० |
| २.१९ | सल्लेरी खानेपानी मर्मत | ५०,००० |
| २.२० | चिपचिपे खा.पा. मर्मत | २,००,००० |
| २.२१ | दिवुङ डाँडा टोल खा.पा. मर्मत | ८०,००० |
| २.२२ | मांतेवा खेलकुद सञ्चाकलन | १,००,००० |
| २.२३ | देविथान साम्लेपा खा.पा. मर्मत | ९०,००० |
| २.२४ | निउ जेनेरेसन क्लव व्यवस्थापन | ५०,००० |
| २.२५ | दलित जनजागरण अभिमुखिकरण गोष्ठी | ६०,००० |
| २.२६ | आदिवासि जनजाति सचेतिकरण कार्याकरण | ६०,००० |
| २.२७ | महिला शसक्तिकरण अन्तर्गत स्तेचर खरिद | २,००,००० |
| २.२८ | बाल कार्याक्रम | १,५०,००० |
| २.२९ | वेशि वुरुङ्गवा खा.पा. मर्मत | ५०,००० |
| **जम्मा रू.** | | ३१,११,००० |
| ३ | **भौतिक पूर्वाधार विकास तर्फ :** | |
| ३.१ | वडा कार्याल्य भवन निर्माण | १०,००,००० |
| ३.२ | दिवुङ देखि तम्वे वेशी सडक ट्र्याक ओपन | ११,००,००० |
| ३.३ | दिवुङ वेन्छोङ सडक ट्र्याक ओपन | ४,००,००० |
| ३.४ | मुर्मिटोल देखि लेगुवा सम्म ट्र्याक ओपन | ४,५०,००० |
| ३.५ | वडा कार्यालय देखि लाकुरी डाँडा सर्भे | ८०,००० |
| ३.६ | संखुवादेखि सडक तम्वे वेशी सम्म सडक सर्भे | १,२०,००० |

| | | |
|---|---|---|
| ३.७ | सरस्वती आमा समुह भवन निर्माण | ३,००,००० |
| ३.८ | माङ्तेवा केन्द्रिय विधुत प्रसार लाइन विस्तार | ७,००,००० |
| ३.९ | चङदुवा पेल्टिटसेट मोटर खरिद | १,००,००० |
| ३.१० | हरियाली कृषि भवन प्लास्टर | २,५०,००० |
| ३.११ | बगुवा काठेपुल निर्माण | ६०,००० |
| ३.१२ | एक्लेखोला काठेपुल निर्माण | ५०,००० |
| ३.१३ | सल्लेरी जीरोपोईन्ट देखि जिवन ज्योति सम्म स्तरोन्तति | ३,५०,००० |
| ३.१४ | वेशी दियुङमा कुलो मर्मत | ८०,००० |
| ३.१५ | सल्लेरी पातल खोल्सी मर्मत | ५०,००० |
| ३.१६ | चङ्दुवा दोस्रो पेल्टीसेट मर्मत | ५०,००० |
| | **जम्मा रू.** | ५१,४०,००० |
| ४ | **वातावरण तथा विपद व्यवस्थापन विकास तर्फ :** | |
| ४.१ | दैविक प्रकोप विपद व्यवस्थापन | ५०,००० |
| ४.२ | वन तथा वातावरण | ५०,००० |
| ४.३ | फोहोर मैला व्यवस्थापन | ५०,००० |
| | जम्मा | १,५०,००० |
| | | |
| ५ | **संस्थागत विकास तर्फ :** | |
| ५.१ | कोठा भाडा व्यवस्थापन | १,००,००० |
| ५.२ | जनप्रतिनिधि तथा कर्मचारी भ्रमण योजना | ५०,००० |
| | **जम्मा रु.** | १,५०,००० |
| ६ | **वित्तीय व्यवस्थापन र शुसासन तर्फ :** | |
| ६.१ | सार्वजानिका सुनुवाई कार्याक्रम | ५०,००० |
| ६.२ | सुचना तथा सञ्चार | ५०,००० |
| ६.३ | मांतेवा वडा डकुमेन्ट्री तयारी योजना | ५०,००० |

| | | |
|---|---|---|
| | **जम्मा रु.** | १,५०,००० |

**सिलिचोङ ५याफुको कार्यक्रमहरु**

**१) आर्थिक विकास तर्फ :**

| क्र.सं. | *आ.व. २०७५/०७६ संशोधित* | |
|---|---|---|
| | **कार्यक्रम/आयोजनाको नाम र ठेगाना** | **विनियोजित रकम रु.** |
| १ | कृषि कार्यक्रम | १,००,००० |

| | | |
|---|---|---|
| ३ | पशु कार्यक्रम | १,००,००० |
| ४ | खेन्पालुङ धाम पुजा घर निर्माण | २,५०,००० |
| ५ | कृषि सहकारीको ठेस देवल निर्माण | १,००,००० |
| | **जम्मा रु.** | ५,५०,००० |

**२) सामाजिक विकास तर्फ :**

| | | |
|---|---|---|
| १ | खेलकुद कार्यक्रम | ३,००,००० |
| २ | सरसफाई कार्यक्रम मुलगाऊँ,पिसुवा, र सिम्ले टोल | १,०५,००० |
| ३ | सरसफाई कार्यक्रम रेसिदाक, खोङेदुवा र निबुङमा टोल | १,०५,००० |
| ४ | सरसफाई कार्यक्रम वाङटाङ,इंखे र वातेम्मा टोल | १,२०,००० |
| ५ | सरसफाई कार्यक्रम याङदेन,गोङथला र दवादक टोल | १,२०,००० |
| ६ | महिला संञ्जाल कार्यक्रम | २,००,००० |
| ७ | बालकार्यक्रम | १,५०,००० |
| ८ | कुलुङ घडेरी निर्माण | २,००,००० |
| ९ | दाम्योङ घर निर्माण | २,५०,००० |
| १० | शेर्पा खेलकुद कार्यक्रम | १,००,००० |
| ११ | माहेश्वारी मा.वि. ठेस देवल निर्माण | ३,००,००० |
| १२ | वरुण आ.वि. १ कोठे भवन र कुलो निर्माण | ५,००,००० |
| १३ | हिमालफेदी आ.वि. बार्दली र सुख्खा पर्खाल निर्माण | ३,००,००० |
| १४ | सिंहदेवी आ.वि. छानो निर्माण योजना | १,५०,००० |
| १५ | आरन मेसिन तथा पन्चेबाजा खरिद | १,५०,००० |
| १६ | याफू हेलिप्याड भित्तामा ठेस देवल निर्माण | १,००,००० |
| १७ | महिला स्वास्थ्या स्वयमसेविका कार्यक्रम | १,००,००० |
| १८ | बालशिक्षीकाहरुलाई क्षमता विकास तालिम | २,००,००० |
| | **जम्मा रु.** | ३४,५०,००० |

**३) भौतिक पूर्वाधार विकास तर्फ :**

| | | |
|---|---|---|
| १ | सैसिमा पानी घट्टा निर्माण | २,५०,००० |
| २ | सिमेन्टी बाटो देखि गोङथला सम्म बाटो निर्माण | २,००,००० |
| ३ | होङसुर्वा काठे पुल निमाण | १,५०,००० |
| ४ | वडाकार्यलय देखि दर्शने कुलो सम्म बाटो निर्माण | १,००,००० |
| ५ | पातवीरी देखि रामे चौतारा सम्म बाटो निर्माण | २,००,००० |
| ६ | निबुङमा चौतारा देखि योङचीम्मा सम्म बाटो निर्माण | १,००,००० |
| ७ | वाधाङमा देखि वाङटाङ सम्म सिंचाई कुलो निर्माण | १,००,००० |
| ८ | तस्वेलुङ देखि रामे चौतारा सम्म बाटो निर्माण | १,००,००० |
| ९ | खम्बु देखि वडहरे सम्म बाटो निर्माण | १,५०,००० |
| १० | पहारलाङ देखि ओङओङवा सम्म बाटो निर्माण | १५०,००० |
| ११ | पुखुवा पुल देखि चास्खोक्मा सम्म बाटो निर्माण | १,५०,००० |
| १२ | पुक्थाम खानेपानी निर्माण | ८,००,००० |
| १३ | स्वतन्त्र पेन्टिकोष्टल मण्डलीभान्सा घर निर्माण | २,००,००० |
| १४ | रेसिदाक कुलो मर्मत | १,५०,००० |
| १५ | ईन्द्रेणी युथ क्लव भवन काठ तथा ढुंगा व्यवस्थापन | १,५०,००० |
| १६ | दर्शने कुलो देखि इंखे ग्राउण्ड सम्म बाटो निर्माण | ३,००,००० |
| १७ | सिंह देवी थानमा हावा घर निर्माण | २,७२,४०० |
| १८ | दिबुङ देखि ५ नं. वडा कार्यालय सम्म सडक ट्र्याक ओपन | ९,०८,६०० |
| १९ | याफू विद्युत विस्तार | ५,००,००० |
| | **जम्मा रु.** | ४,९३१,००० |

**४) वातावरण तथा विपद व्यवस्थापन विकास तर्फ :**

| | | |
|---|---|---|
| १ | कोशी गंगा सामुदायिक वन फर्निचर खरिद | १,००,००० |

| | | |
|---|---|---|
| २ | विपद व्यवस्थापन सामाग्री खरिद | ८०,००० |
| | **जम्मा रु.** | १,८०,००० |

**५) संस्थागत विकास तर्फ :**

| | | |
|---|---|---|
| १ | नागरिक वडा पत्र कार्यक्रम | २,००,००० |
| २ | सहकारी सम्बन्धी सचेतना कार्यक्रम | १,००,००० |
| ३ | ई.प.का.लाई खानेपानी व्यवस्था | १,५०,००० |
| ४ | उपभोक्त समितिलाई सचेतना कार्यक्रम | ९०,००० |
| ५ | वडा कार्यालय व्यवस्थापन | १,००,००० |
| | **जम्मा रु.** | ६,४०,००० |

**६) वित्तीय व्यवस्थापन र शुसासन तर्फ :**

| | | |
|---|---|---|
| १ | सार्वजानिक सुनुवाई | १,५०,००० |
| २ | कम्प्युटर तालिम | १,००,००० |
| | **जम्मा रु.** | २,५०,००० |

आर्थिक बर्ष २०७४।०७५ रहेको अल्या रकम रु एक करोड बैसठ्ठि लाख छप्पन्न हजार तिन शय साठि सहित संघीय सरकार, प्रदेश सरकार र आन्तरिक राजस्व गरी रु तेईस करोड छयानब्बे लाख छयहत्तर हजार त्रिपन्न रुपैया सहित यस आर्थिक बर्षमा रु २५ करोड ५९ लाख ३२ हजार ४ शय १३ रुपैया मध्येबाट चालु तर्फ रु २ करोड ६८ लाख २० हजार रुपैया, सशर्त अनुदान तर्फ ९ करोड ५१ लाख र पुजिगत तर्फ ९ करोड ९८ लाख ४८ हजार २ सय ५० रुपैया विनियोजन गरिएको छ ।

वजेट निर्माण कार्यमा अहोरात्र खटिनुहुने वजेट तथा कार्यक्रम तर्जुमा समितका सदस्य ज्युहरु, राजस्व परामर्श समितिका अध्यक्ष एवं सदस्य ज्यूहरु, श्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिका अध्यक्ष एवं सदस्य ज्यूहरु लगायत सम्पुर्ण राष्ट्रसेवक कर्मचारी मित्रहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद ॥